**मिति २०८२/०५/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको आकस्मिक बैठकका निर्णयहरु :**

निर्णय नं. १

मिति २०८२/०५/२३ र २४ गतेको Gen-Z आन्दोलनको क्रममा नेपालगञ्ज उप-महानगरपालिका वडा नं.१ निवासी श्री सुलभराज श्रेष्ठ र श्री आयुष थापा मगर सहित मृत्युवरण गरी शहादत प्राप्त गर्नु हुने सबै शहिदहरु प्रति १ मिनेट मौनधारण गरी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने।

निर्णय नं. २

मिति २०८२/०५/२३ गतेको Gen-Z आन्दोलनको क्रममा २४ गते नेपालगञ्ज उप-महानगरपालिकाको केन्द्र र केहि वडाहरु (वडा नं ७ र ९) मा गरिएको आगजनी, लुटपाट र विध्वंशात्मक क्रियकलापबाट भौतिक पूर्वाधार सहितका दस्तावेज/कागजात/अभिलेखहरु लगायत जिन्सी सामाग्रीहरु (स्वास्थ्यजन्य उपकरण, स्वास्थ्य सामाग्री, औषधि र विपदजन्य सामाग्रीहरु समेत) प्राय सबै जलेर नष्ट/क्षतिग्रस्त भएको अवस्थाबाट ठुलो धनजनको क्षति भइ सिंगो उप-महानगरपालिका स्तब्ध भएको अवस्था छ। यस्तो पिडादायी र दर्दनाक क्षणमा सबैले पिडा बिर्सिएर क्षतिलाई शक्तिमा बदलेर खरानीबाट उठेर उप-महानगरवासीको सेवामा उप-महानगरपालिकाको तर्फबाट जुट्ने प्रतिवद्धता व्यक्त गर्दै यस्तो विषम परिस्थितिमा सम्पूर्ण नगरवासीहरुमा धैर्य गर्न र उप-महानगरपालिकाको पुनः निर्माण र सेवा पुनर्स्थापना गर्ने कार्यमा सहयोग पुर्याउन हार्दिक अपिल गर्ने।

निर्णय नं. ३

मिति २०८२/०५/२३ र २४ गतेको घटनाक्रमबाट ध्वस्त भएको उप-महानगरपालिकाको भौतिक पूर्वाधार एवं सेवा प्रवाहमा आवश्यक पर्ने विधुतिय/प्रविधिजन्य सामाग्री, औषधीजन्य सामाग्री, स्वास्थ्यजन्य उपकरणहरु, विपद् व्यवस्थापनसँग सम्बन्धीत सामाग्रीहरु, LEOC (स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र) लगाएतको पुनः निर्माण ताथ पुनर्स्थापना तथा कार्यालय सञ्चालन कार्यमा सहयोगका लागि नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार लगायतका अन्य निकायहरुमा आवश्यक सहयोग एवं सहजीकरणका लागि अनुरोध गर्ने।

निर्णय नं. ४

मिति २०८२/०५/२४ गतेको घटनाबाट क्षतिग्रस्त भवनको मर्मत सम्भार एवं पुनः निर्माण गर्ने प्रयोजनार्थ प्राविधिक कर्मचारीहरु परिचालन गरेर भौतिक पूर्वाधारको क्षतिको अवस्था(तुरुन्तै सामान्य मर्मत गरी कार्य सञ्चालन गर्न सकिने वा मर्मत सुधार गर्नुपर्ने वा ध्वस्त भएका) आँकलन गरी लागत अनुमान सहित प्रतिवेदन पेश गर्न कार्यालयलाई निर्देशन दिने।



क्रमशः

## मिति २०८२/०५/३० गतेको नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको आकस्मिक बैठकका निर्णयहरु :

निर्णय नं. ५

आगजनी, तोडफोड, लुटपाट र विध्वंशात्मक क्रियाकलापबाट क्षतिग्रस्त/नष्ट भएका सम्पूर्ण सामाग्रीको मुचुल्का गर्न कार्यालयबाट मिति २०८२।०५।२५ गते वरिष्ठ प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद जोशीको संयोजकत्वमा गठित २१ सदस्यीय समितिलाइ यथाशीघ्र उक्त घटनाबाट भएको भौतिक पूर्वाधारको क्षतिको अवस्था एवं आगजनी लुटपाट तोडफोडबाट नष्ट/क्षतिग्रस्त जिन्सी सामाग्री (स्वास्थ्यजन्य उपकरण, स्वास्थ्य सामाग्री, औषधि र विपदजन्य सामाग्रीहरु समेत) तथा अन्य दस्तावेज अभिलेख एवं कागजातहरुको विवरण संकलन गरी मुचुल्का तयार गरेर यथाशिघ्र प्रतिवेदन प्राप्त गर्ने व्यवस्था कार्यालयले मिलाउने ।

निर्णय नं. ६

कार्यालयको भौतिक संरचना लगायतका दस्तावेज अभिलेख/कागजातहरु लगभग सवै नष्ट एवं क्षतिग्रस्त भएको अवस्थामा यथाशिघ्र क्षति विवरण संकलन कार्यको थालनी गरी यस्तो विषम र पिडादायी परिस्थितिमा पनि कार्यालयको सम्पूर्ण शक्ति लगाएर कार्यालय परिसरको फोहर/भग्नावशेषहरुलाई हटाइ छोटो समयमा नै शुन्य विन्दुबाटै भएपनि कार्यालयबाट सेवा प्रारम्भ गरेकोमा सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिने। कार्यालय परिसरभित्र सम्भव भएसम्म क्षति हुनबाट जोगिएका संरचना र अन्य बैकल्पिक उपाय समेत अपनाएर मौजुदा स्रोतसाधनको अधिकतम उपयोग गरी असमान्य अवस्थाका वीच विचलित नभई सवै शक्ति लगाई मौजुदा जनशक्ति परिचालन गरेर सेवा प्रवाहलाइ सुचारु र सहजीकरण गर्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउने।

निर्णय नं. ७

आगजनी, लुटपाट, तोडफोडबाट प्रभावित वडा कार्यालयहरु (वडा नं. ७ र ९) ले क्षतिग्रस्त तथा नष्ट भएका पूर्वाधार, भौतिक सामाग्री एवं अभिलेख/दस्तावेज/कागजातहरु लगायत जिन्सी सामाग्रीहरुको पछिसम्म फरक नपर्ने गरी यथाशिघ्र विवरण संकलन गरी मुचुल्का तयार गरेर सेवा सुचारु गर्ने गरी सम्बन्धित वडा कार्यालयहरुले आवश्यक व्यवस्था मिलाउने।

निर्णय नं. ८

मिति २०८२।५।२३ र २४ गतेको आन्दोलनको क्रममा नेपालगञ्ज उप-महानगरपालिका र वडा नं. ७ र ९ मा गरिएको आगजनी, लुटपाट, तोडफोड र विध्वंशात्मक क्रियाकलापमा संलग्न भई सरकारी तथा सार्वजनिक सम्पत्तिमा क्षति पुर्याउने अपराधीहरुलाई कानून सम्मत रुपमा सशक्त कारवाहीको दायरामा ल्याउन जिल्ला प्रशासन कार्यालय, बाँकेमा अनुरोध गर्ने ।